दाङ जिल्लामा सम्पादन गरिएका राम्रा अभ्यासहरु

- विद्यार्थीबाटै सिकाइसम्बन्धी योजना निर्माण (Planning of Learning Achievement by Students=PLAS) गरीगराई सोको कार्यान्वयन भइरहेको ।
- सत्य साइराम केन्द्रसंगको सहकार्यमा २ दिने शिक्षक तालिम संचालन गरिएको ।
- जिल्लाको शैक्षिक सुधारका निम्ति २८ बूदे विद्यालय शिक्षा सम्बन्धी शैक्षिक प्रतिबद्धताको प्रभावकारी कार्यान्वयनका लागि निरीक्षण र अनुगमनलाई प्रभावकारी बनाइएको
- अंग्रेजी माध्यमको शिक्षण सिकाइका सुधारका लागि एकजना अंग्रेजी विषयको स्रोतशिक्षकको व्यवस्था गरी यस शैक्षिक सत्रमा ७ वटा विद्यालयहरुमा कार्यक्रममा समावेश गरिएको ।
- एक विद्यालय एक बगैंचा को अभियान विद्यालयहरुमा लागू गर्नका लागि निर्देशन गरिएको ।
- विद्यालयहरुमा भड्किला र बालबालिकाहरुका निम्ति अनुपयुक्त गीत र संगीतलाई पूर्ण रुपमा निषेध गरिएको ।
- यस आर्थिक वर्षमा २१ वटा गाविसहरुलाई पूर्ण साक्षर गाविस बनाउने गरी अभियान सञ्चालन गरिएको ।
- यस शैक्षिक सत्रमै कक्षा ९ का विद्यार्थीहरुलाई साक्षरता कार्यक्रममा सहभागी गराउने गरी निर्देशन जारी गरेको ।
- शैक्षिक उपलब्धिमा सुधारका लागि शिक्षक, विद्यार्थी र अभिभावकहरुसंग संयुक्त रुपमा अन्तरक्रिया गर्ने कार्य जारी रहेको ।
- जिशिकाले स्रोतव्यक्तिसंग र स्रोतव्यक्तिहरुले प्रधानाध्यापकहरुसंग कार्यसम्पादन सम्बन्धी कार्य सम्झौता गरी तदनुरुप कार्य भइरहेको ।
- यस वर्षको एस.एल.सी. को नतीजा १० प्रतिसत र समग्र सिकाइ उपलब्धि ५ प्रतिसतका दरले बृद्धि गर्ने गरी कार्यक्रमको थालनी गरिएको ।
- कक्षा ८ को परीक्षा केन्द्रहरु माध्यमिक र उच्च माध्यमिक विद्यालयहरुमा मात्र हुने गरी कायम गरिएको ।
- बाविकेका सकाहरुको मोबाइल बैठकमा कोसेलीको रुपमा शैक्षिक सामग्री दिने व्यवस्थाको सुरुवात भएको